२०७७/०६/२८ गते
स्वीकृत

<u>कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७७</u>

<u>प्रस्तावना:</u> भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पक्लिहवा कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यक्रम र कृषि ज्ञान केन्द्रमा रहेको कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन र कार्यान्वयन गर्नका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्यक्रम संचालन विधि स्वीकृत गरी लागु गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यक्रम संचालन विधिको नाम "कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यकम सञ्चालन विधि,२०७७" रहेको छ।
(२) यो विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-
(क) "कृषि क्याम्पस" भन्नाले कृषि विषयमा स्नातक तह कार्यक्रम सञ्चालन गरीरहेका लुम्बिनी प्रदेश भित्रका रहेका मान्यता प्राप्त विश्वविंद्यालयबाट सम्बन्धन प्राप्त शैक्षिक संस्थाहरु सम्झनुपर्छ ।
(ख) "कार्यक्रम" भन्नाले कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन गर्ने उद्देश्यले संचालित कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यक्रम सम्झनुपर्छ।
(ग) "सम्झौता" भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरुका बीच कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यक्रम सम्पन्न गर्नका लागि गरिएको सम्झौता सम्झनुपर्छ।
(घ) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनुपर्छ।
(ङ) "प्रस्ताव" भन्नाले कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नको लागि कृषि क्याम्पसले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनुपर्छ।
(च) "समिति" भन्नाले दफा ४ बमोजिम अनुदानको दायरा किटान, परिचालन तथा व्यवस्थापन गर्न गठित अनुदान व्यवस्थापन समिति सम्झनुपर्छ।
(छ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।
(ज) "सम्बन्धित कार्यालय" भन्नाले मन्त्रालय मातहातका कार्यालयहरु सम्झनुपर्छ।
(झ) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने जिल्लामा भएको कृषि ज्ञान केन्द्र सम्झनुपर्दछ ।

३. <u>उद्देश्यहरु:</u> यस कार्यक्रमको उद्देश्यहरु देहायबमोजिम रहेका छनः-

(क) कृषि क्याम्पसहरुमा विकास गरीएका प्रविधिहरुको प्रसार तथा उत्पादन क्षेत्र विकास गर्ने ।

(ख) कृषिसँग सम्बन्धित विषयमा अध्यापन कार्य गरी रहेका कृषि क्याम्पसहरुको क्षमता विकासमा सहयोग पुर्‍याउने।

(ग) विद्यार्थीहरुको व्यवहारिक ज्ञानमा सुधार ल्याउदै प्रविधि प्रदर्शन तथा उपयोगको माध्यमबाट उद्यमशील बनाउने कार्यमा टेवा पुर्‍याउने।

४. <u>अनुदान व्यवस्थापन समितिः</u> (१) अनुदान कार्यक्रम सञ्चालन, व्यवस्थापन, समन्वय एवम् सहजीकरण गर्नको लागि देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, सम्बन्धित कार्यालय | अध्यक्ष |
| (ख) अधिकृतस्तर प्रतिनिधि, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ग) प्रमुख वा प्रतिनिधि, सम्बन्धित शाखा | सदस्य |
| (घ) प्रमुख वा प्रतिनिधि, आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) योजना हेर्ने अधिकृत | सदस्य |
| (च) जिम्मेवार अधिकृत, सम्बन्धित कार्यालय | सदस्य सचिव |

(२) समितिमा आवश्यकता अनुसार बढीमा २ जना आमन्त्रित सदस्य राख्न सकिनेछ ।

(३) अनुदान व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अनुदान प्राप्त गर्ने कृषि क्याम्पस छनौटका लागि न्युनत्तम मापदण्ड तोक्ने, मुल्याङ्कन गर्ने/गराउने र सम्झौताका लागि कार्यालयलाई सिफारिस गर्ने ।

(ख) अनुदान व्यवस्थापन सम्वन्धी आवश्यक निर्णय गर्ने ।

(ग) आवश्यकता अनुसार उप-समिती गठन गरी स्थलगत अनुगमन गर्ने/गराउने।

(घ) सूचना/पत्रको ढाँचा, मूल्याङ्कनको मापदण्ड, प्रस्तावनाको ढाँचा र सम्झौता पत्रको ढाँचा निर्धारण गर्ने/गराउने ।

(ङ) छनौट गरीएका कृषि क्याम्पसले पेश गरेको कार्ययोजनामा आवश्यक परिमार्जन गर्ने /गराउने ।

(च) अनुदान रकमको हिसाव पेश नगर्ने वा सदुपयोग नगर्ने प्रस्तावकलाई कारवाहीका लागि प्रक्रिया अगाडी बढाउने।

५. <u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u> (१) सम्बन्धित कार्यालयले कृषि क्याम्पसहरुलाई कार्यक्रममा सहभागी हुनको लागि पत्राचार गरी आवेदन माग गर्न सक्नेछ। तर कार्यक्रममा क्याम्पसको नाम तोकिएको हकमा सोझै सम्बन्धित क्याम्पसलाई पत्रचार गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) कार्यक्रममा सहभागी हुन कार्यक्रम संचालन हुने जिल्लाहरुका ईच्छुक कृषि विषयमा स्नातक तहमा अध्यापन गराईरहेको कृषि क्याम्पसहरुले दफा ५(१) अनुसार विस्तृत कार्ययोजना बनाई प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) सम्बन्धित कार्यालयको प्रमुखको संयोजकत्वमा रहेको दफा ४ बमोजिमको समितिले आवश्यकता अनुसार उप-समिति गठन गरी स्थलगत अनुगमन गराई सोको प्रतिवेदनको आधारमा प्रस्तावना स्वीकृत गर्नेछ।

(४) समितिबाट स्वीकृत भएका प्रस्तावहरुसँग सम्झौता प्रक्रिया अघि बढाइनेछ।

६. <u>अनुदान प्रवाह विधिः</u> (१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालनको लागि अनुदान उपलब्ध गराईने छः

| क. सं. | क्रियाकलाप | अनुदान रकम |
|---|---|---|
| १ | क्षमता विकास (प्रयोगशाला स्थापना/ /स्तरोन्नती, उपकरण खरिद, तालिम आदी) | कुल अनुदान रकमको अधिकतम ३० प्रतिशत |
| २ | प्रविधि प्रदर्शन तथा उत्पादन<br>• च्याउ विउ उत्पादन<br>• प्रोटेक्टेड हर्टिकल्चर<br>• प्रदर्शन तथा परिक्षण<br>• अन्य | कुल अनुदान रकमको न्यूनतम ६० प्रतिशत |
| ३ | बजारीकरण | कुल अनुदान रकमको अधिकतम १० प्रतिशत |

(२) कार्यक्रममा सहभागी हुने कृषि क्याम्पसहरुलाई बजेटको परिधि भित्र रही कार्यक्रम सम्पन्न भए पश्चात अनुगमन प्रतिवेदनको आधारमा कुल लागतको ५० प्रतिशत वा रु.२५ लाख मध्य जुन कम हुन आउँछ सो रकममा प्रचलित कानुन बमोजिक क्न्टेजेन्सी रकम कट्टा गरी अनुदान रकम प्रवाह गरिनेछ।

(३) अनुदान रकम प्रवाह गर्दा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ र सोको सदुपयोग, खर्च व्यवस्थापन तथा लेखा राख्ने, लेखा परिक्षण गर्ने दायित्व समेत अनुदानग्राहीको हुनेछ ।

(४) अन्य विषयहरु सम्झौता पत्रमा उल्लेख भए अनुसार र प्रचलित कानुन बमोजिम हुनेछ।

मन्त्री

७. <u>कार्यक्रमको अनुगमन:</u> कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय र सम्बन्धित कार्यालयबाट गरिनेछ।

८. <u>सूचना दिनुपर्ने:</u> यस विधि बमोजिम सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादि खुलेको होर्डिङबोर्ड कार्यक्रम सञ्चालन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस विधिको कार्यान्वयनका सम्बन्धमा यसमा उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।